AjakoAwaj.Com आजकोआवाज.कम
USNepalOnline.Com
USANepalOnline.Com

# नेपाली सेना र जनमुक्ती सेना के एक होलान्?
# अबको ८९ दिन भित्र साँच्चै चुनाव होला?

काठमाडौं, January 11, 2008 - नेपाली सरकारी सेनाका ९५ हजार सैनिक र माओवादी जनमुक्ती सेनाका ३१ हजार "लाल सेना" को समायोजन, एकिकरण होला कि नहोला?
प्रधानमन्त्री कोइराला र प्रधान सेनापती कटुवाल समायोजनको बिरुद्धमा बोलिरहेको र माओवादीहरु जतिसकदो दुइ सेनाको समायोजनको पक्षमा लागिरहेको देख्दा यस्तो लाग्छ, देशको शान्ति रुपी निलो आकाशबाट अझै पनि अशान्तिको कालो मुश्लो हटि सकेको छैन। आगामी संबिधान सभाको चुनावको मुखैमा जातिय र क्षेत्रिय संघात्मकताको माग गर्दै पूर्व र तराइ तिर खुकुरी चम्की रहेको बेला र माओवादी जनसेना देशका २८ बिभिन्न क्यान्टोन्मेन्टहरुमा बिना निर्क्यौल थुपारिरहेको बेला के अबको ८९ दिन भित्र हुने भनिएको संबिधान सभाको चुनाव शान्ती पूर्ण रुपमा होला त? हाम्रा सहकर्मी सम्पादक सिताराम बरालको यी दुइ सेनाको भबिष्यबारे बिश्लेशण पढ्नुहोस्:



कठाङ्ग्रिने पुषको जाडोलाई यतिबेला सबैभन्दा ठूलो चुनौति राजधानी काठमाडौंको राजनीतिक वातावरणले दिएको छ। माघ आउनैलाग्दा झन् चिसो बढेको राजधानी काठमाडौंको राजनीतिक वातावरणलाई तताउनकालागि आगो सल्काउने काम भने धेरैको अपेक्षा विपरित प्रधानसेनापति रुक्माङ्गद कटुवालले गरेका छन्।

चिनिया जनमुक्ति सेनाको 'जनरल स्टाफ' को निमन्त्रणमा चीन उड्नु अघि पुष २२ प्रधानसेनापति कटवालले माओवादी सेना राजनीतिक वादमा विश्वास गर्ने सेना भएकोमात्र उल्लेख गरेनन्, 'राजनीतिक वादबाट प्रभावित सेनालाई नेपाली सेनामा समायोजन गर्न नहुने' बताए । यसअघि सेना राजनीतिमा संलग्न नहुने बताउँदै आएका प्रधानसेनापति कटवालले राजनीतिक अभिव्यक्ति दिएपछि आएका कृया-प्रतिकृयाले चिसो राजधानीको राजनीतिक माहोललाई तताएको हो । सात राजनीतिक दलबीच तेइसबुँदे सहमति भएको दुई हप्ता बित्दानबित्दै प्रधान सेनापतिले दिएको अभिव्यक्तिका लिएर प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डबीच समेत आरोप-प्रत्यारोप समेत सुरु भएको छ ।

'सरकारको मातहतमा रहेको' भनिएको सेनाका प्रमुखले राजनीतिक अभिव्यक्ति दिएको भोलिपल्टै सूचना तथा सञ्चारमन्त्री कृष्णबहादुर महराले कटवालको अभिव्यक्ति माओवादी र सरकारबीच यसअघि भएका सहमति विपरित भएको बताए भने प्रधानमन्त्री कोइरालाले प्रधानसेनापतिको भनाईलाई साथ दिंदै आफूपनि माओवादी सेनालाई नेपाली सेनामा समायोजन गराउने कुराको विपक्षमा रहेको प्रतिकृया दिए । सञ्चारकर्मीहरुसँगको एउटा भेटमा कोइरालाले पुष २४ गते मंगलबारका दिन भने- 'माओवादी सेनालाई नेपाली सेनामा समायोजन गर्न सकिंदैन । बरु बैदेशिक रोजगारीमा जान चाहने माओवादी लडाकूलाई सरकारले प्राथमिकता दिनेछ । बाँकीलाई सेनाबाहेकका सुरक्षा अंगमा समायोजन गरिनेछ ।'

प्रधानमन्त्रीको यो पछिल्लो अभिव्यक्ति प्रधानसेनापतिले सल्काएको आगोमा थपिएको घ्यू सरह भएको छ । कोइराला नबोल्दासम्म महरालगायतका माओवादीका मध्यमस्तरका नेतालेमात्र प्रधानसेनापतिको राजनीतिक अभिव्यक्तिको विरोध गरेका थिए । तर, प्रधानमन्त्रीले अभिव्यक्ति दिएपछि त्यसको जवाफ दिन माओवादी नेतृत्व अघि सरेको छ । माओवादी अध्यक्ष प्रचण्डले प्रधानसेनापति झै प्रधानमन्त्री पनि शान्तिप्रकृया भाँडन् उद्यत रहेको र त्यसै योजना अनुसार उपरोक्त अभिव्यक्ति आएको आरोप लगाएका छन् । बुधबार नेपाल राष्ट्रिय मारवाडी परिषद् र मारवाडी सेवा केन्द्रद्धारा माओवादी नेतृत्वसँग आयोजित छलफल कार्यक्रममा जनमुक्ति सेनाको सुप्रिम कमाण्डरसमेत रहेका माओवादी अध्यक्ष प्रचण्डले भने- 'शान्ति सम्झौता, अन्तरिम संविधानदेखि पुष ८ गते भएको २३ बुंदे सम्झौतासम्मको मर्म र भावना सेना समायोजन गर्ने भन्ने नै छ । अहिले आएर सेना समायोजन हुँदैन भन्नुले शान्ति सम्झौताविपरित जान खोजेको भन्ने देखिन्छ ।'

**एक देश, दुई सेना**

पृथ्वीनारायण शाहले नेपाल एकिकरण अभियान सुरु गर्नुअघि सैनिक संरचना थिएन । 'झारा सेना' को रुपमा आवस्यक परेकाबेला योग्य र सवल गोर्खाली युवाहरुलाई सेनाको रुपमा भर्ना गरेर लडाईंमा पठाइन्थ्यो । एकिकरण अभियान अघि बढ्दैजाँदा पृथ्वीनारायण शाहले करिव पाँच सय सैनिकहरुलाई संगठित गरी पाँच सैनिक कम्पनीको स्थापना गरे । त्यसयता अढाई सय वर्ष अवधिमा **नेपाली सेनाको कूल संख्या अहिले ९५ हजार पुगेको छ भने संरचना डिभिजन (पृतना) स्तरसम्मको छ । नेपाली सेनाको डिभिजनसंख्या ६ वटा रहेको छ । प्रत्येक डिभिजनमा ३ वटा बाहिनी छन् । माओवादी विरुद्ध सेना परिचालन हुनुअघि बृगेडसम्मको सैनिक संरचना रहेकोमा माओवादी विरुद्ध परिचालनसँगै सेनाले आफ्नो संख्यामा उल्लेख्य बृद्धि गरी संरचनालाई डिभिजन स्तरमा पुऱ्याएको हो । प्रत्येक विकास क्षेत्रमा एउटा डिभिजन र राजधानी काठमाडौं उपत्यकाकोलागि सेनाले छुट्टै डिभिजनको व्यवस्था गरेको छ । पूर्वी डिभिजनको मुख्यालय सुनसरीको इटहरीमा छ भने मध्य डिभिजन मुख्यालय हेटौंडामा छ । उपत्यको डिभिजनको मुख्यालय सिंहदरवारभित्र राखिएको छ । यसैगरी पश्चिम पृतना मुख्यालय पोखरामा, मध्यपश्चिम डिभिजनको मुख्यालय सुर्खेतको बीरेन्द्रनगरमा र सुदुरपश्चिम डिभिजन डोटीको दिपायलमा राखिएका छन् ।**

राज्यका विरुद्ध माओवादीले २०५२ फागुनमा जनयुद्ध सुरुगरेपछि राज्यको सेनाको प्रतिद्धन्दीको रुपमा नयाँ माओवादी सेना देखा पऱ्यो । सेनाकै आडमा पुरानो राजतन्त्रात्मक राज्यसत्ता टिकेकाले त्यसलाई ध्वंस गर्न आफूलेपनि 'जनताको सेना' बनाउनुपरेको माओवादीले बताउँदै आएको छ । यसरी बनाइएको सेनालाई माओवादीले 'जनमुक्ति सेना नेपाल' भन्ने नाम दिएको छ भने राज्यले यसलाई 'माओवादी लडाकू' को रुपमा बैधानिकता दिएको छ । माओवादीले जनयुद्ध थालनीताका स्वयंसेवक दल, लडाकू दल, छापामार दलमा संगठित गरेको थियो । यसरी विकसित भएको सैन्य शक्तिलाई माओवादीले जनमुक्ति सेनाको रुपमा नामाकरण पहिलो वार्ता अवधि (२०५८) भदौमा रोल्पाको कुरेलीमा सम्पन्न पहिलो सैन्य भेलाबाट गरेको थियो । तर, यसको घोषणा भने सोही साल मंसीर ८ गते दाङ्गको घोराहीस्थित सैनिक व्यारेकमाथिको पहिलो सफल हमलापछिमात्र गरियो । सेनामाथिको सफल हमला र घोषणाको दिनलाई नै माओवादीले जनमुक्ति सेनाको जन्म दिवसको रुपमा मनाउँदै आएको छ ।

विसं २०५८ मा 'जनमुक्ति सेना नेपाल' भनी नामाकरण गरिएको बेला पश्चिममा बटालियन स्तर र पूर्वमा कम्पनीस्तरमा रहेको जनमुक्ति सेना अहिले डिभिजनस्तरसम्म विकास भएको देखिन्छ । **देशका विभिन्न भागमा रहेका**

**सात वटा डिभिजनस्तरीय र २१ वटा बृगेड स्तरीय क्यान्टोनमेन्टमा गरी जम्मा २८ स्थानमा छरिएर माओवादी सेना रहेका छन् ।** यसमध्ये इलामको चुलाचुलीमा पहिलो डिभिजनको मुख्यालय छ भने डिभिजन कमाण्डरको रुपमा त्यसको कमाण्डिङ्ग सन्तु दराई (परवाना) गरेका छन् । दोश्रो, डिभिजन सिन्धुलीको दुधौलीमा छ । र, त्यसको कमाण्डर धनबहादुर मास्के (राजेश) छन् । चितवनको जुटपानीमा मुख्यालय रहेको तेश्रो डिभिजनको कमाण्डर कालीबहादुर खाम मगर (बिबिध) छन् भने नवलपरासीको राकाचुलीमा रहेको चौंथो डिभिजनको कमाण्डर यमबहादुर अधिकारी (प्रतीक्षा) छन् । यसैगरी रोल्पाको दहबनमा रहेको पाँचौं डिभिजन कमाण्डर शुकबहादुर पुन मगर (शरद), सुर्खेतको दशरथपुरमा मुख्यालय रहेको छैंटौं डिभिजनको कमाण्डर तेजबहादुर ओली (प्रतीक) र कैलालीको तालबन्दमा रहेको सातौं डिभिजनको कमाण्डर महेन्द्रबहादुर शाही (प्रज्वल्ल) रहेका छन् ।

राष्ट्रसंघीय शान्ति मिसन (अनमिन) को निगरानीमा रहने **माओवादी लडाकूहरु पहिलो चरणका ३१ हजार ३ सय १८ लडाकूहरु दर्ता भएकोमा दोश्रो चरण अन्तर्गत गरिएको प्रमाणिकरणमा १८ हजार ९ सय २३ लडाकूहरु सेनाको रुपमा योग्य भएको तथ्य अघिल्लो हप्तामात्र राष्ट्रसंघीय शान्ति मिसन (अनमिन) ले सार्वजनिक गरेको छ ।** पहिलो चरणमा दर्ता भएकामध्ये १२ हजार ६ सय लडाकू भने अयोग्य ठहरिएका छन् । अयोग्य ठहरिनेमा अधिकांस दोश्रो चरणको प्रमाणिकरणमा नपर्नेहरु छन् । **पहिलो चरणमा दर्ता भएरपनि दोश्रो चरणमा ८ हजार ६ सय ४० लडाकू उपस्थित भएनन् भने ४ हजार ८ सय लडाकू उपस्थित भएरपनि अयोग्य ठहरिएका थिए । अयोग्य ठहरिनेमा १८ वर्ष कमका र ०६३ जेठपछि माओवादी सेनामा भर्ना हुनेहरु रहेको 'अनमिन' बताएको छ ।**

यसरी देशमा दुई सेना विद्यमान रहेको स्थिति छ । एकै देशमा दुई सेना लामो समयसम्म रहन नसक्ने माओवादीले बताउँदै आएका छन् । सरकारी पक्षलेपनि यो कुरा स्वीकार गरेको छ । यसैआधारमा सात दल- माओवादी र सरकार- माओवादीबीच पटक-पटक हुँदै आएका सहमतिमा सेना समायोजनसम्बन्धी विषय समेटिनेमात्र गरेको छैन, यसलाई उच्च प्राथकितापनि दिने गरिएको छ ।

**पूर्व सहमतिहरु**

अहिले सत्तामा रहेका माओवादीसहितका सात दलबीच औपचारिक सम्बन्धको सुरुवातदेखि नै सरकारी सेना र माओवादी सेनालाई वरावरी मान्यता दिने संकेत गरेको थियो । सात दल र माओवादीबीचको अहिलेसम्मको यात्राको प्रारम्भविन्दू मानिएको २०६२ मंसीर ७ को १२ बुँदे सहमतिमा समेत यसको झल्को पाइन्छ । सो समझदारीपत्रमा 'संविधान सभा निर्वाचन क्रममा माओवादीको सशस्त्र शक्ति र शाही सेना राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने' भनिएको थियो । गत साल मंसीर ५ को विस्तृत शान्ति सम्झौतामा 'माओवादी सेनाका लडाकूको रेखदेख, समायोजन र पुनर्स्थापनाका निम्ति अन्तरिम मन्त्री परिषद्मा विशेष कमिटी बनाएर काम गर्ने' कुरा उल्लेख थियो ।

यसैगरी २०६३ मंसीर २२ को 'हतियार र सेना अनुगमन सम्झौता' मा अस्थायी शिविरमा दर्ता भएका माओवादी सेनाका लडाकूहरुलाई मात्र सम्भावित सुरक्षा बलमा समायोजनकालागि योग्य मानिने व्यवस्था गरिएको थियो । संविधान सभा निर्वाचनको पूर्वाधारको रुपमा माओवादी सेनाको समायोजनको प्रकृया तुरुन्त सुरु गर्नुपर्ने भन्ने माओवादीको जोडलाई सम्बोधन गर्दै पुष ८ गते भएको सात दलबीचको २३ बुँदे सहमति पत्रमा 'माओवादी सेनाका प्रमाणित लडाकू समायोजनका लागि अन्तरिम संविधानमा उल्लेख भएबमोजिम मन्त्री परिषद्ले बनाएको विशेष समितिद्धारा छलफल गरी कार्य अघि बढाउने' भनिएको छ ।

उपरोक्त सहमतिको व्याख्या माओवादी र सरकारले फरक फरक ढंगले गदै आएका छन् । माओवादीविरुद्ध लामो समयसम्म लड्दै आएको सेनामा राजनीतिक तहमा भएका यी सहमतिप्रति असन्तुष्टि देखिन्छ । जनआन्दोलनअघिसम्म राजाको पक्षमा प्रयोग हुँदै आएको र जनआन्दोलनले सेनाको आडमा चलेको राजाको शासनलाई धराशायी पारेकालेमात्र सेनाले उपरोक्त सहमतिहरुका विरुद्ध मुख खोलेर प्रतिकृया दिन सकेको छैन । किनभने, हिजोसम्म राजाको साथमा रहेको सैनिक नेतृत्वले सातदल-माओवादीबीच भएका उपरोक्त सम्झौता र सहमतिको सार्वजनिक विरोध गर्नासाथ सैनिक नेतृत्वबाट हात धुनुपर्ने स्थिति सिर्जना हुनसक्छ ।

१२ बुँदे यताका सबै सहमतिहरुमा जनमुक्ति सेना र (शाही) नेपाली सेनालाई समान स्थान दिइएकाले समायोजनको अर्थ जनमुक्ति सेना र मूलत नेपाली सेनाबीचकै समायोजन गर्नु हो भन्ने माओवादीको मान्यता रहेको देखिन्छ भने माओवादी लडाकू र नेपाली सेनाबीच नै समायोजन गर्ने भन्ने कुरा स्पष्टसँग कतै उल्लेख नभएकाले नेपाली सेनामा माओवादी लडाकूहरुको समायोजन

हुननसक्ने तर्क सरकारको छ । प्रधानमन्त्री कोइरालाले मंगलवार सञ्चारकर्मीहरुको टोलीलाई यही कुरा बताएका थिए ।

सैनिक नेतृत्वले खुलेर सहमतिको विरोध नगरेपनि यी सहमतिहरु कार्यान्वयन हुन नदिन प्रधानमन्त्रीलाई सचेत गराउँदै आएको छ । सात दलका बैठक र सात दल-माओवादीबीच हुने सहमतिको पूर्वसन्ध्यामा जहिल्यै सैनिक नेतृत्वले रक्षामन्त्रीको समेत कार्यभार सम्हालेका प्रधानमन्त्री कोइरालालाई भेट्ने गरेका छन् । यस्ता भेटका अवसरमा माओवादी सेनाको समायोजनसम्बन्धी थप निर्णय नगर्न दबाब दिंदै आएका छन् । सैनिक श्रोतका अनुसार, पटक-पटकका भेटमा प्रधानसेनापति कटवालले प्रधानमन्त्री कोइरालालाई 'यदि सेनामा माओवादीका 'राजनीतिक सेना' लाई समायोजन गरिए सेनामा विद्रोहको स्थिति सिर्जना हुने र सरकार अप्ठेरोमापर्ने र माओवादीले सत्ता कब्जा गर्ने' डर देखाउँदै आएका छन् । गएको साउनको दोश्रो साता प्रधानमन्त्री कोइरालालाई बुझाइएको यस्तै एउटा गोप्य प्रतिवेदनमा भनिएको छ- 'नेपाली सेना र नेपाल सरकारले माओवादीलाई सुरक्षा संयन्त्रमा खासगरी नेपाली सेनामा समायोजन गर्ने विषयमा धेरै गम्भीर भएर ध्यान पुऱ्याउनुपर्ने अवस्था रहेको देखिन्छ । माओवादीले भने बमोजिम नै समायोजन गरिएमा सेना भड्किने खतरा र सेनाको क्षमतामा ह्रास ल्याई माओवादीबाट सत्ता कब्जाको खतरा हुनसक्छ ।' सेनाले माओवादी लडाकूहरुलाई सकेसम्म वैदेशिक रोजगारीमा पठाउनुपर्ने, यो सम्भव नभए प्रहरी वलमा समायोजन गरिनुपर्ने सुझाव प्रधानमन्त्रीलाईं दिंदै आएको छ ।

२०६२ मंसीरमा भएको सात दल-माओवादीबीचको १२ बुँदे सम्झौताको योजनाकार माओवादी स्वयं भएको र सोही सहमतिका आधारमा जनआन्दोलन २०६२-०६३ सम्भव भएकाले आन्दोलनको सफलतापछि माओवादीको हात माथि परेको स्वतः प्रष्ट छ । आफ्नो मातहतमा रहेको जनमुक्ति सेनाकै आडमा त्यो आन्दोलन सफल भएको भन्ने माओवादी तर्क छ । २०६२-०६३ को जनआन्दोलन चर्कंदै जाँदा माओवादीले मलंगवा (सर्लाही) तौलिहवा -कपिलबस्तु), बुटवल, सिन्धुपाल्चोक लगायतका स्थानमा गरेका ठूला फौजी हमलाहरुले जनआन्दोलनमा जनताको उत्साह बढको थियो । यस हिसावले जनआन्दोलनपछि माओवादी सेनाको हात माथि पऱ्यो भने 'शाही कू' जनआन्दोलनमा राजालाई साथ दिएका राष्ट्रिय सेनाको छवि खस्कनुका साथै आन्दोलनपछि शंकाको घेरामा पऱ्यो ।

लामो समयसम्म राजालाई साथ दिएका कारण लोकतन्त्रप्रतिको सेनाको वफादारिताको विषयमा अहिलेपनि प्रश्न उठाउने गरिएको छ । **वर्तमान**

**सैनिक प्रमुख कटवाललाई राजा महेन्द्रले ओखलढुङ्गाबाट ल्याई दरवारमै हुर्काएका-बढाएका र लेफ्टिनेन्ट जनरलसम्मपनि दरवारले नै पुऱ्याएकाकारणपनि शंका गर्नेहरुलाई बल पुगेको छ।** यसकासाथै सेना र दरवारबीचको सम्बन्ध छुटाउने सरकार र संसदका विभिन्न निर्णयका विपरित सैनिक व्यारेकहरुमा मनाइएको राजाका जन्मोत्सवहरु, प्रधानमन्त्रीको निर्देशन विपरित दरवारमा अहिलेपनि ठूलो संख्यामा राखिएको फौज आदिलेपनि सेनाको निष्ठा लोकतन्त्रप्रति छ वा राजतन्त्र वा दरवारप्रति नै छ भन्ने प्रश्न अहिलेपनि उठ्ने गरेको छ।

यी र यस्तै स्थितिकाबीच सेनाको समायोजनसम्बन्धमा काम कार्वाहीहरु अघि बढेमा समायोजनपछि बन्ने राष्ट्रिय सेनामा आफ्नो स्थान के हुने भन्नेमा उपल्ला तहका ती सैनिक अधिकारीहरु चिन्तित देखिन्छन, जो अहिलेपनि मुलुकमा राजतन्त्र राख्नुपर्छ भन्ने ठान्छन्। अहिलेसम्म त सेना समायोजनकालागि सहमति र निर्णयहरुमात्र भएका छन्। दुई सेना समायोजन गरी जव नयाँ सेना निर्माणको प्रकृया सुरु हुन्छ, त्यसबेला सेनाको लोकतान्त्रिकरणको प्रकृयापनि सुरु हुन्छ। सेनामा लोकतान्त्रिकरणको प्रकृया सुरु हुनासाथ पहिलो असर प्रधानसेनापति लगायतका ती सैनिक जनरल र अन्य अधिकृतहरुलाई पर्नेछ, जसलाई रायमाझी आयोगको प्रतिवेदनले जनआन्दोलन दमनमा दोषी देखाउँदै उनीहरुलाई कार्वाहीको सिफारिस गरेको छ।

उता, राजाको शासन अन्त्यका लागि माओवादीको साथ लिन बाध्य भएपनि प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र नेपाली कांग्रेस माओवादीले अब आफूलाई समाप्त पार्ने कुराले त्रस्त छ। सेना समायोजनसम्बन्धमा यस अघि भएका सम्झौता र सहमतिलाई बाध्यताको रुपमामात्र लिएको नेपाली कांग्रेसले माओवादीको सत्ता कब्जा गर्ने अभियान रोक्ने उपायको रुपमा आफूले सेनालाई साथ दिनु र सेनाकोपनि आफूले साथ लिनुलाई मानेको छ। आफैले हस्ताक्षर गरेका उपरोक्त सहमति-सम्झौता विपरित प्रधानसेनापतिले अभिव्यक्ति दिंदापनि कार्वाहीको सट्टा प्रधानसेनापतिको भनाईलाई सही ठहऱ्याउनको एक मात्र कारण कांग्रेसमा व्याप्त यही आशंका मानिएको छ।

नेपालको सन्दर्भमा चिनिया मोडलको जनयुद्धबाट राज्यसत्ता कब्जा गर्न नसकिने देखिएपछि माओवादीले चिनिया मोडलको दीर्घकालीन जनयुद्ध र रुसी मोडलको शहरिया विद्रोहलाई संयोजन गरी राज्यसत्ता कब्जा गर्न सकिने नयाँ योजना २०५७ को आफ्नो दोश्रो राष्ट्रिय सम्मेलनबाट अघि साऱ्यो। माओवादी अहिलेपनि यो योजनाबाट विचलित छैन। त्यसै योजना अनुसार अहिलेपनि माओवादी नेताहरुले बेला-बेला विद्रोहको योजना सुनाउने गरेका छन्।

माओवादी इतरका राजनीतिक दलहरु र सेनाकोसमेत के विश्लेषण रहेको देखिन्छ भने, माओवादी पार्टी नेपाली सेनामा समेत यस्तो विद्रोह गराउने योजनामा छ र यसकालागि उ समायोजनमार्फत् नेपाली सेनामा आफ्ना लडाकूहरु घुषपैठ गराउन चाहन्छ । 'त्यसैले, माओवादीले समायोजनलाई प्राथमिकतामा पारेका हुन्' जङ्गी अड्डामा कार्यरत एक सैनिक अधिकारीले पंक्तिकारसँग भने- 'उनीहरु एकातिर सेनामा आफ्ना मान्छे घुसाएर अरुलाई पनि भड्काउने योजनामा छन् भने अर्कातिर सेनालाई विभाजन गराउने उनीहरुको भित्री योजना देखिन्छ । यदि यी दुई काम गर्न सके भने उनीहरुलाई सत्ता कब्जा गर्न सजिलो हुनेछ ।'

माओवादी सेना राजनीतिक सेना भएको भन्दै उनीहरुलाई समायोजन गर्न नसकिने प्रधानसेनापतिले बताएपनि विगत एक वर्षदेखि यस विषयमा गोप्य रुपमा माओवादी र सेनाका उच्च अधिकारीहरुबीच भित्रभित्रै वार्ता भने हुने गरेको थियो । आपसमा समायोजन हुँदा केही गुमाउनु नपर्ने, बरु उपल्लो तहका अधिकृतहरुले गर्ने शोषणको अन्त्य हुने भएकाले सेना समायोजनसम्बन्धी चर्चामात्र चल्दापनि सेनाका तल्लो तहका जवानहरु उत्साहित हुने स्थिति देखिएपछि भने सैनिक नेतृत्व डराएको देखिन्छ । जनमुक्ति सेनाको सातौं वार्षिकोत्सव कार्यक्रमका अवसरमा मंसीर ८ गते माओवादी अध्यक्ष प्रचण्डले समायोजनकालागि सेना र आफूहरुबीच पटक पटक वार्ता भएको खुलाशा गरेका थिए । प्रधानसेनापति कटवाल मंसीरको अन्तिम हप्ता भारत भ्रमणबाट फर्किएलगत्तै प्रचण्डले एक महिना अघि गरेको खुलाशाको खण्डन सैनिक जङ्गी अड्डाले पुष २ गते बक्तव्य निकालेर गर्नुको मुख्य कारण यही थियो । जङ्गी अड्डाले समायोजनकालागि सेना र माओवादीबीच वार्ता भएको भन्ने माओवादी अध्यक्ष प्रचण्डको भनाईको खण्डन समेत गरेन, यससम्बन्धी चर्चा चलाएर माओवादीले नेपाली सेनामा विभाजन ल्याउन खोजेको आरोप पनि लगायो । माओवादी अध्यक्ष प्रचण्डले भने बुधबार आयोजित मारवाडी सेवा परिषद्को कार्यक्रममा समायोजनसम्बन्धी कुरै नभएको भन्ने जङ्गी अड्डको भनाई गलत रहेको ठोकुवा गरेका छन् । 'प्रधानमन्त्री र सेना प्रमुख समेतको सहमतिमा ती कुराकानी भएका थिए' माओवादी अध्यक्ष प्रचण्डले भनेका छन्- 'ललितपुरको समिट होटल र लैनचौरको एम्बेसडर होटलमा कुरा भएको हो ।' प्रचण्डको पछिल्लो भनाईको खण्डन भने सेनाले गरेको छैन ।

## विवादपनि, सहमतिपनि

सरकार प्रमुख गिरिजाप्रसाद कोइराला र नेपाली सेनाको नेतृतव माओवादी लडाकूहरुलाई सेना लगायतका सुरक्षा अंगहरुमा समायोजनको विपक्षमा

देखिएपछि यससम्बन्धमा पटक-पटक सहमति र सम्झौता भैसकेका कारण समायोजनसम्बन्धी कार्य अघि बढाउन उत्तिकै दबावपनि पर्न थालेको छ । समायोजनसम्बन्धी आरोप-प्रत्यारोपले यसहप्ता उग्ररुप लिंदै जाँदा विहीबार बसेको व्यवस्थापिका- संसदको बैठकमापनि यस विषयले प्राथमिकता पायो । एमाले केन्द्रीय सदस्य एवं सांसद रघुजी पन्तले यो विवादले चैत्रमा हुनुपर्ने सम्बिधान सभाको चुनावसमेत भाँड्न सक्ने बताउँदै समायोजनसम्बन्धी निर्णय र सम्झौताहरु यसअघि नै भएकाले निर्णय अनुरुप समायोजन प्रकृया अघि बढ्नुपर्ने बताए । नेपालको शान्ति प्रकृयामा सघाइरहेको 'अन्मिन' लेपनि पूर्व सहमति र सम्झौताको आधारमा प्रमाणिकरणमा योग्य लडाकूहरुको समायोजन र अयोग्यहरुलाई छिटोभन्दा छिटो पुनर्स्थापना गर्नुपर्ने कुरामा जोड दिन थालेको छ । एमाले महासचिव माधव नेपालले सेनालाई राजनीतिबाट अलग राख्नुपर्ने बताएर समायोजन र सैनिक प्रमुखको राजनीतिक बक्तव्य दुबैको अप्रत्यक्ष विरोध गरेका छन् ।

यही स्थितिकाबीच सोमबार बसेको मन्त्री परिषद्को बैठकले समायोजन एवं पुनर्स्थापना प्रकृयालाई अघि बढाउन शान्ति तथा पुनर्स्थापना मन्त्री रामचन्द्र पौडेलको संयोजकत्वमा यसअघि गठन गरेको तर निस्कृय रहेको विशेष समितिलाई पुनः ब्युँताएको छ । सो समितिमा माओवादीको तर्फबाट मन्त्री कृष्णबहादुर महरा, गृहमन्त्री कृष्ण सिटौला रहेका छन् भने एमाले, नेपाली सेना र जनमुक्ति सेनाबाट पनि एक-एक जना प्रतिनिधि रहनेछन् । अन्तरिम संविधानको धारा १४६ मा उल्लेखित प्रावधान अनुसार यो विशेष समिति गठन भएको थियो । सम्भवत यो समितिले समायोजकालागि छिट्टै काम सुरु गर्नेछ ।

सो विशेष समितिले काम सुरुगरेपनि विवाद भने यथावत रहने देखिन्छ । यो विवादले अझै उग्ररुप लिने सम्भव छ । किनभने, नेपाली सेनाको नेतृत्व लगायतका केही उच्च अधिकारीहरु समायोजनको विपक्षमा छन् । समायोजन गरिंदा समाोजित हुने माओवादी लडाकूहरुको प्रभावमा बहुसंख्यक सैनिक जवानहरु पर्ने र माओवादीले विद्रोह गरेको अवस्थामा उनीहरुलेपनि माओवादी विद्रोहलाई साथ दिने अवस्था आउनसक्ने भन्दै नेपाली कांग्रेसले फेरिपनि सेनालाई नै साथ दिने संभावना बढि छ । माओवादीको जोड भने सेनामा नै समायोजन गर्ने भन्ने रहने स्वतः स्पष्ट छ । जस्तो कि, माओवादी जनमुक्ति सेनाका डेपुटी कमाण्डर एबं अन्तरिम व्यवस्थापिका-संसदमा माओवादी विधायकी दलका सचेतक जनार्दन शर्मा (प्रभाकर) भन्छन्- 'अहिलेसम्म भएका सम्झौता र सहमतिले दुबै सेनालाई वरावरी स्थानमा राखेकाले समायोजन हुने भनेको नेपाली सेना र जनमुक्ति सेनाकै हो ।'

**करिव १५ सय सेना-प्रहरी, ३ हजार सर्वसाधारण र १० हजार माओवादी समर्थक नेता-कार्यकर्ता र जनताको मृत्युपछि नेपाल अहिले शान्ति प्रकृयामा छ ।** यहाँसम्म आइपुग्न आधा दर्जनभन्दा बढि सहमति र सम्झौतापनि भएका छन् । त्यसैबमोजिम माओवादीहरु संसद र सरकारमासमेत पुगिसकेका छन् । यसक्रममा आइपरेका निकै जटिल श्रृङ्खला माओवादी सहितका सात दलहरुले पारपनि गरेका छन् । तर, सेना समायोजनसम्बन्धी अहिलेको विवाद हेर्दा लाग्छ, शान्ति प्रकृयाका सबै जटिल मोडहरु पार भैसकेका छैनन् । यदि पूर्व सहमतिहरुको सही व्याख्या र कार्यान्वयन भएन भने संभव छ- यसै विषयकारण शान्ति प्रकृया फेरि टुट्न सक्छ ।